# सिद्धार्थ बैंक लिमिटेड
SIDDHARTHA BANK LIMITED
( नेपाल राष्ट्र बैंकबाट"क" वर्गको इजाजत पत्र प्राप्त संस्था)
१३०/२३ तीनधारा मार्ग, कमलादी काठमाडौं नेपाल
पो.ब.नं. १३८०६, फोन नं.४४४२९१९, ४४४२९२० फ्याक्स नं. ९७७-१-४४४२९२१, टेलेक्स २७५७ SBLNP
**Swift :** SIDDNPKA, **E-mail:** sbl@siddharthabank.com,URL: www.siddharthabank.com


# आठौं बार्षिक साधारणसभाको बैठक बस्ने सूचना

यस बैंकको मिति २०६६/०८/२९ गतेका दिन बसेको सञ्चालक समितिको १३० औं बैठकको निर्णयानुसार आठौं वार्षिक साधारण सभा निम्न लिखित स्थान तथा मितिमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न वस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितीका लागि अनुरोध गरिन्छ ।

**१. सभा हुने मिति, समय र स्थान**

मिति : २०६६ साल पौष २७ गते सोमबार (तदअनुसार जनवरी ११, २०१०)
स्थान : राष्ट्रिय सभा गृह, काठमाडौं
सभा शुरु हुने समय : विहान ११:०० बजे
उपस्थिति पुस्तिका विहान ९:०० बजे देखि नै खुल्ला राखिने छ ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन २०६५/६६ पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०६६ आषाढ मसान्तको वासलात र मिति २०६५ श्रावण १ देखि २०६६ आषाढ मसान्त सम्मको नाफा नोक्सान तथा आय ब्याय बिवरण सम्बन्धमा ।
३. बैंक तथा वित्तिय संस्था सम्वन्धि ऐन २०६३ को दफा ६० तथा कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०६६/०६७ को लागि लेखापरीक्षकको नियूक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (द्रष्टब्य: हाल वहालवाला लेखापरीक्षक श्री टि.आर.उपाध्याय एण्ड कम्पनी, चार्टड एकाउण्टेन्ट्स पुन: नियुक्तिका लागि योग्य हुनुहुन्छ।)

**(ख) विशेष प्रस्ताव**

१. २०६६ आषाढ मसान्तमा समाप्त भएको वर्षको मुनाफा तथा पुंजी समायोजन कोषको रकम समेतवाट १५% का दरले वोनश शेयर प्रदान गर्ने र सो को कर वापत रु. ७,५१७,३६८ नगद लाभांश समेत स्विकृत गर्ने ।
२. प्रवन्धपत्र तथा नियमावलीमा शंसोधन गर्ने सम्वन्धि प्रस्ताव पारित गर्ने ।

**(ग) सर्वसाधारण शेयरधनीसमूहको तर्फवाट निर्वाचित हुने ३ जना संचालकहरुको निर्वाचन ।**

**(३) विविध**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

**साधारणसभा सम्बन्धी अन्य जानकारी**

(१) बैंकको शेयर दाखिल खारेजको काम मिती २०६६/९/१२ गते देखि २०६६/९/१३ सम्म बन्द रहनेछ ।
(२) बैंकवाट वार्षिक साधारण सभामा छलफल हुने विषयहरु सहितको सुचना शेयरधनी महानुभावहरुको ठेगानामा हुलाक/कुरियरबाट निकट भविष्यमा पठाइने छ । कुनै शेयरधनी महानुभावहरुले उक्त सूचना नपाउनु भएमा यसै सूचनाको आधारमा साधारण सभाको बैठकमा उपस्थित हुन अनुरोध गरिन्छ । साथै छैठौं वार्षिक प्रतिवेदनको लागि बैंकको वेवसाइट www.siddharthabank.com हेर्नुहुन वा बैंकको प्रधान कार्यालय, कमलादी, काठमाडौं मा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।
(३) सभामा भाग लिन वा मतदान गर्नका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्वन्धी निवेदन २०६६ साल पौष २५ गते साधारणसभा शुरु हुनु भन्दा ४८ घण्टा पहिले अर्थात २०६६ साल पौष २५ गते बिहान ११:०० बजेभित्र सिद्धार्थ बैंक लिमिटेड, कमलादीमा दर्ता गराई सक्नुपर्नेछ । प्रतिनिधिपत्र (प्रोक्सी) प्रचलित कम्पनी कानुनले तोकेको ढांचामा हुनु पर्नेछ ।
(४) एक जना शेयरधनीले एक भन्दा वढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ । तर प्रतिनिधि (प्रोक्सी) दिने शेयरधनीले आफुले अघि दिएको प्रतिनिधि (प्रोक्सी) वदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिइ अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउने छ । यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वत: बदर भएको मानिनेछ ।
(५) प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई वा विभिन्न व्यक्तिहरुलाई आफुसँग भएको कुल शेयर बराबर खण्डिकरण गरि दिन सकिने छ ।
(६) नावालक वा मानसिक सन्तुलन ठिक नभएको शेयरधनीको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता व्यक्तिले सभामा भाग लिन वा मतदानमा गर्न वा प्रतिनिधि तोक्न सक्नुहुनेछ ।
(७) छलफलको बिषय अन्तर्गत विविध शीर्षकको सम्वन्धमा शेयरधनी महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनुभएमा सो विषयवारे सभा हुनुभन्दा (७) दिन अगावै कम्पनी सचिव मार्फत यस बैंकका प्रमुख कार्यकारी अधिकृतलाई लिखित जानकारी दिनुपर्नेछ ।
(८) शेयरधनी महानुभावहरुवाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्वन्धमा संचालक समितिको तर्फवाट अध्यक्ष वा अध्यक्षवाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिनुहुनेछ।
(९) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावले व्यक्तिगत पठाइएको सूचना साथ संलग्न प्रवेश पत्रका साथै शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ । अन्यथा सभाकक्षमा प्रवेश गर्न पाइने छैन ।
(१०) सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहां रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ ।

**नोट:** निर्वाचन कार्यक्रम सम्वन्धी जानकारीको लागि सिद्धार्थ बैंक लिमिटेडको प्रधान कार्यालयमा रहेको निर्वाचन अधिकृतको कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

**द्रष्टव्य :** यस बैंकको आठौं साधारण सभा प्रयोजन तथा सातौं साधारणसभावाट पारित भए बमोजिम बैंकका शेयरधनीहरुलाई २:१ को अनुपातमा (विद्यमान २ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयरको दरले) हकप्रद साधारण शेयरहरु निष्काशन गर्ने प्रयोजनका लागि मिति २०६६/९/१२ देखि २०६६/९/१३ सम्म बैंकको शेयरधनी दर्ता पुस्तिका बन्द गरिने व्यहोरा सम्पूर्ण शेयरधनी तथा सम्वन्धित सवैमा जानकारीको लागि सूचित गर्दछौं ।

**Siddhartha**Bank